# लेखापरीक्षण प्रतिवेदन

# मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

*स्वतन्त्रता* (Independence)
*निष्ठा* (Integrity)
*पारदर्शिता* (Transparency)
*जवाफदेहिता* (Accountability)
*व्यावसायिकता* (Professionalism)

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/324

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री नगरप्रमुख ज्यू,

मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मेलम्ची,सिन्धुपाल्चोक।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु.३ करोड ६७ लाख ४४ हजार,सामाजिक सुरक्षा तथा संरक्षणको रु.२१ करोड ७१ लाख ३३ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५९ लाख ६५ हजार समेत गरी रु.२५ करोड ९८ लाख ४२ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.३ अर्ब ३३ करोड ७३ लाख ६१ हजार लेखापरीक्षण गरिएकोमा रु.२८ करोड ६२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.११ करोड ८३ लाख ३६ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भएकोमा बाँकी बेरुजु रु.१६ करोड १७ लाख २७ हजार रहेको छ ।बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु. ८ करोड ५ लाख ८७ हजार, पेस्की बेरुजु रु.७५ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ३९ लाख ४८ हजार र प्रमाण पेश गर्नुपर्ने रु. २ करोड ९६ लाख २९ हजार रहेको छ।पालिकाको गत वर्ष सम्म रु.२५ करोड ६२ लाख ४१ हजार बेरुजू बाँकी

रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३८ करोड ८६ लाख ४० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।
लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने मेलम्ची नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य वेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी मेलम्ची नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६४ | ३१२ | २८,००,६२,३७७ | ० | ६ | ११,८३,३५,८७० | ० | ६४ | ३०६ | १६,१७,२६,५०७ | ८,०५,८६,९७४ | ४,३९,४७,९२५ | २,९६,२८,८७४ | ० | ० | ७,३५,७६,८०० | ७५,६२,७३३ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | २५,६२,४१,००० | ० | २,९३,२६,९६२ | २२,६९,१४,०३८ | ० | १६,१७,२६,५०७ | ३८,८६,४०,५४५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ३० | एज विल्ट ड्रईङ्ग | ४०,००० |
| २ | २०७९/८० | ७६ | फरक शिर्षकमा मूल्य अभिवृद्धि कर दाखिला | २,८५,९४,२४८ |
| ३ | २०७९/८० | ६६ | ननफाइलर | ६,९२,७२१ |
| ४ | २०८०/८१ | ५६ | वित्तीय विवरण परीक्षण | १,३६० |
| ५ | २०८०/८१ | २८ | वितरण भर्पाइ | १०,४६,९१० |
| ६ | २०८०/८१ | ४८.४ | राजस्व | ११,७२,७६,१३६ |
| ७ | २०८०/८१ | २५ | बढी ग्रेड | ११,४६४ |
| जम्मा | | | | १४,७६,६२,८३२ |

# (८०३२७४०२३०० - मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १३ वडारहेको छ भने क्षेत्रफल १६०.६३ वर्ग किलोमिटर तथा ४१०६३ जनाजनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :** पालिकाको आय – व्ययतर्फको रु. ३ अर्ब ३३ करोड ७३ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ९९८६४२।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | जनता माध्यमिक विद्यालयको सेनिटरी म्याड वापतको करम | १३५२७८ |
| २ | प्रदेशलाई फिर्ता गर्नुपर्ने रकम | ४९०००० |
| ३ | सामाजिक सुरक्षातर्फ मृत्य भएका व्यक्तिलाई भुक्तानी | ३७३३६४ |
| जम्मा | | ९९८६४२ |

## २ लेखापरीक्षण

यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

## ३ स्थानीय सञ्चित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिमगाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएकाआय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७०निम्न बमोजिम रहेको छः

**प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन**

| क.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गतआ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १९,१८,९३,००३.७८ | १९,१८,९३,००३.७८ | १८,२४,१९,८४१.३७ | १८,२४,१९,८४१.३७ |
| १३००० | अनुदान | ६४,४८,००,१७४.६१ | ६४,४८,००,१७४.६१ | ६९,६६,२२,७४१.४४ | ६९,६६,२२,७४१.४४ |
| १४००० | अन्यराजस्व | २९,०९,४०,४७९.०९ | २९,०९,४०,४७९.०९ | ३३,९५,४१,४७३.७५ | ३३,९५,४१,४७३.७५ |
| १५००० | विविधप्राप्ति | ६,०२,००९.०० | ६,०२,००९.०० | ० | ० |
| क | **कुलजम्मा प्राप्ति** | १,१२,८२,३५,६६६.४८ | १,१२,८२,३५,६६६.४८ | १,२१,८५,८४,०५६.५६ | १,२१,८५,८४,०५६.५६ |
| ३ | चालु | ६३,९३,७२,४७९.९८ | ६३,९३,७२,४७९.९८ | ७६,६६,५५,९६२.३९ | ७६,६६,५५,९६२.३९ |
| २१००० | पारिश्रमिक / सुविधा | ४२,८७,२८,००२.१४ | ४२,८७,२८,००२.१४ | ४०,७७,३३,६१८.०८ | ४०,७७,३३,६१८.०८ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | १३,५४,३३,२२६.२० | १३,५४,३३,२२६.२० | २२,००,०३,११६.६४ | २२,००,०३,११६.६४ |
| २५००० | सहायता (Subsidy) | ३,१९,१३,७२०.०० | ३,१९,१३,७२०.०० | ५,१४,७९,९१५.०० | ५,१४,७९,९१५.०० |
| २६००० | अनुदान | ० | ० | ३०,०१,१९६.०० | ३०,०१,१९६.०० |
| २७००० | सामाजिकसुरक्षा | २,४२,५७,८६९.०० | २,४२,५७,८६९.०० | ५,१७,२५,९४२.१३ | ५,१७,२५,९४२.१३ |
| २८००० | अन्यखर्च | १,९०,३९,६६२.६४ | १,९०,३९,६६२.६४ | ३,२७,१२,१७४.५४ | ३,२७,१२,१७४.५४ |
| ४ | पूंजीगत | ६७,१७,२३,०६७.०० | ६७,१७,२३,०६७.०० | ६३,५१,८६,४१७.०० | ६३,५१,८६,४१७.०० |
| ३१११० | भवनतथा संरचना | ११,६२,४१,८७५.०० | ११,६२,४१,८७५.०० | १२,४५,३०,२२२.०० | १२,४५,३०,२२२.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ९७,९८,२०८.०० | ९७,९८,२०८.०० | १,२५,७१,१३३.०० | १,२५,७१,१३३.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ७३,९६,००५.०० | ७३,९६,००५.०० | १,९७,२४,५११.०० | १,९७,२४,५११.०० |
| ३११५० | सार्वजनिकनिर्माण | ५२,९८,७८,०९९.०० | ५२,९८,७८,०९९.०० | ४७,०७,९१,१३७.०० | ४७,०७,९१,१३७.०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | २७,४८,७०८.०० | २७,४८,७०८.०० | २१,९३,९९०.०० | २१,९३,९९०.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | ५६,६०,१७२.०० | ५६,६०,१७२.०० | ५३,७५,४२४.०० | ५३,७५,४२४.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | १,३१,१०,९५,५४६.९८ | १,३१,१०,९५,५४६.९८ | १,४०,१८,४२,३७९.३९ | १,४०,१८,४२,३७९.३९ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (१८,२८,५९,८८०.५०) | (१८,२८,५९,८८०.५०) | (१८,३२,५८,३२२.८३) | (१८,३२,५८,३२२.८३) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | ३३,०८,१७२.४२ | ३३,०८,१७२.४२ | २,७९,३०,५४०.३१ | २,७९,३०,५४०.३१ |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | -१,३६०.०० | -१,३६०.०० | | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (१७,९५,५१,७०८.०८) | (१७,९५,५१,७०८.०८) | (१५,५३,२७,७८२.५२) | (१५,५३,२७,७८२.५२) |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | ३९,०१,८४,९१९.५९ | ३९,०१,८४,९१९.५९ | ५४,५५,१२,७०२.११ | ५४,५५,१२,७०२.११ |
| छ) | **विनिमयनाफा/ घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | २१,०६,३३,२११.५१ | २१,०६,३३,२११.५१ | ३९,०१,८४,९१९.५९ | ३९,०१,८४,९१९.५९ |

## ४ एकिकृत आय-व्यय

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकिकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **शीर्षक** | **रकम** | **क्र.सं.** | **शीर्षक** | **रकम** |
| **क.** | **अ.ल्या.** | | **क. चालु खर्च खाता** | नगरपालिका चालु खर्च | १७५४३२५७३.१२ |
| **१** | संचित कोष खाता | २३६०४७५७०.२३ | | शिक्षा शाखा | ४३३१२२५८.०० |
| **२** | विविध खर्च खाता | १२९६१४९६.४० | | जन-स्वास्थ्य | २४३७०६३०.०० |
| **३** | धरौटी खाता | ३१५३१९६०.०० | | कृषि विकास शाखा | ५३८४११४.२५ |
| **४** | प्रकोप व्यवस्थापन खाता | १२४१३१७.०० | | पशु विकास शाखा | ७६५०१७६.०० |
| **ख.** | **<u>अन्य कोषहरुको अ.ल्या.</u>** | | | महिला तथा बाल बालिका शाखा | ७२०७९५७.०० |
| **१** | कर्मचारी कल्याणकारी कोष | ६३१३५७६.२९ | | न्यायिक समिति | २२१९२३५.०० |
| **२** | कृषि विकास कोष | ४०४४७७५.०० | | विविध कोष | २००००००.०० |
| **३** | गरिबी निवारण कोष | १६३०२२.५२ | | वातावरण शाखा | ४४६१४८.०० |
| **४** | सामुदायिक स्वास्थ्य कोष | १६३०२२.५२ | | आयुर्वेद | १८२३४९५.०० |
| **५** | वातावरणीय व्यवस्थापन विशेष कोष | ५५३४०२.८८ | | लघु उद्यम | २४४९०५२.०० |
| **६** | महिला तथा बालबालिका विकास विशेष कोष | २१७३९३.२९ | | सहकारी शाखा | ९०९९६०.०० |
| **७** | पर्यटन प्रवर्द्धन कोष | ३४००४७९७.३७ | | संघीय शशर्त | ३५६६६५९११.०१ |
| **८** | विपद् व्यवस्थापन कोष | २४९८५२०४.७५ | | प्रदेश शशर्त | ९५००९७०.६० |
| **९** | मर्मत संभार विशेष कोष | १८४६१८०९.८५ | | संघीय शशर्त फिर्ता | ३५५६४०८८.९९ |
| **१०** | मेलम्ची क्षेत्रीय कोभिड-१९ रोकथाम र उपचार कोष | २४३९४.०० | | प्रदेश शशर्त फिर्ता | ८६९०२९.४० |
| **११** | कोरोना संक्रमण रोकथाम तथा उपचार कोष | ७३९९५४.३३ | **ख. पुजिगत खर्च खाता** | नगरपालिका पुजीगत | ५२४८११४७९.०० |
| **१२** | मेलम्ची नगरस्तरीय अक्षय कोष | ७१६५११८.९६ | | शिक्षा पुँजीगत | १६६४२८१०.०० |
| **१३** | मेलम्ची बाढी पिडित राहत तथा पुनस्थापना कोष | २५२९३९.०४ | | कृषि पुँजीगत | ३८८१४८५.०० |
| **१४** | लैङ्गिक हिंसा निवारण कोष | ४७५०००.०० | | वातावरण शाखा पुँजीगत | २९९०००.०० |
| **१५** | नगर शिक्षा कोष | ८६७७५३५.९४ | | विविध कोष | ३५००००००.०० |
| **१६** | शव वाहन सञ्चालन तथा व्यवस्थापन कोष | १२२०००.०० | | संघीय समपुरक अनुदान | १००००००००.०० |
| **ग.** | **वित्तीय हस्तान्तरण** | | | संघीय विशेष अनुदान | १५५३५८८२.०० |
| **ग.१** | **आन्तरिक अनुदान खाता** | | | प्रदेश शशर्त पुँजिगत | १५८४२९५५.०० |
| **१** | संघ समानीकरण | १६७४९३०००.०० | | संघीय शशर्त पुँजिगत | १६९३४१८९.०० |
| **२** | प्रदेश समपुरक | ३००००००००.०० | | प्रदेश विशेष अनुदान | २७७५२६७.०० |
| **३** | संघीय समपुरक अनुदान | १००००००००.०० | | प्रदेश समपुरक | ३००००००००.०० |
| **४** | संघ विशेष अनुदान | १६९०००००.०० | | संघीय शशर्त पुँजिगत फिर्ता | १८३७८११.०० |
| **५** | प्रदेश सशर्त अनुदान पुँजीगत | १८५०००००.०० | | प्रदेश शशर्त पुँजिगत फिर्ता | २६५७०४५.०० |
| **६** | प्रदेश सशर्त अनुदान चालु | १०३७००००.०० | | संघीय विशेष अनुदान फिर्ता | १३६४११८.०० |
| **७** | प्रदेश समानीकरण समानीकरण | २००५२०००.०० | | प्रदेश विशेष अनुदान फिर्ता | २२२४७३३.०० |
| **८** | संघीय शशर्त अनुदान चालु | ३९२४३००००.०० | **ग.** | **कोष खाताहरुबाट भएको खर्च** | |
| **९** | संघीय शशर्त अनुदान पुँजीगत | १८५७२०००.०० | **१** | कर्मचारी कल्याणकारी कोषको खर्च | ४६८१५०.०० |
| **१०** | प्रदेश विशेष अनुदान | ५००००००.०० | **२** | कल्याणकारीकोषको ब्याज आम्दानीको राजश्व खर्च | २३८२१.२९ |
| **ग.२** | **बाँडफाँडबाट प्राप्त राजश्व खाता** | | **३** | कृषि विकास कोषको ब्याज आम्दानीको राजश्व खर्च | १८३७०.०३ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | संघीय राजश्व | १०२०९४७९७.९६ | ४ | कृषि विकास कोषको कार्यक्रम खर्च | २७१६१२१.०० |
| २ | जल विद्युत् रोयल्टी | २१०८१०१.७७ | ५ | गरिबी निवारण कोषको ब्याज आम्दानीको राजश्व खर्च | ५०८.४१ |
| ३ | राष्ट्रिय वन रोयल्टी | ९३२८२१.८३ | ६ | सामुदायिक स्वास्थ्य कोषको ब्याज आम्दानीको राजश्व खर्च | ५०८.४१ |
| ४ | पर्वतारोहण रोयल्टी | २३५२.५८ | ७ | वातावरणीय व्यवस्थापन विशेष कोषको ब्याज वापत राजश्व | १७३३.४३ |
| ५ | प्रदेश राजश्व | १११२००६८०.०१ | ८ | नगर शिक्षा कोषको कार्यक्रम खर्च | २००००.०० |
| ६ | स्थानीय राजश्व(विज्ञापन कर) | १९९७४९.०० | ९ | नगर शिक्षा कोषको ब्याज आम्दानीको राजश्व खर्च | २७६४३.३९ |
| ७ | स्थानीय राजश्व(दहत्तर बहत्तर शुल्क) | २६४४३५५४२.११ | १० | महिला तथा बालबालिका विकास विशेष कोषको ब्याज वापत राजश्व | ६७९.०७ |
| ८ | स्थानीय राजश्व(घर जग्गा रजिष्ट्रेशन शुल्क) | १२३४३०५८.०० | ११ | पर्यटन प्रवर्द्धन कोष ब्याज वापत राजश्व | ८९३४४.०४ |
| **ग.३** | **आन्तरिक आम्दानी** | | १२ | पर्यटन प्रवर्द्धन सम्बन्धी क्रियाकलापको खर्च | १४१८४१७१.०० |
| १ | सम्पति कर | २५५१०२५.६० | १३ | मेलम्ची नगरस्तरीय बाल अक्षय कोषको ब्याज खर्च | ७५१५२.९५ |
| २ | घर बहाल कर | २७१२३४५.८६ | १४ | मेलम्ची नगरस्तरीय बाल अक्षय कोषको कार्यक्रम खर्च | २४००००.०० |
| ३ | व्यवसाय कर | ९०८०९२६.५० | १५ | विपद् व्यवस्थापन कोषको ब्याज वापत राजश्व | ६७१५९.५७ |
| ४ | बहाल बिटौरी शुल्क | ३३८०१५४.०० | १६ | विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि खर्च | २०२०७४९८.०० |
| ५ | सेवा शुल्क | ८४६७६५१.१० | १७ | मर्मत संभार विशेष कोषको व्याज खर्च | ३३९८२.९३ |
| ६ | दस्तुर | २२६७६४४.२८ | १८ | मर्मत संभार विशेष कोषबाट भएको खर्च | २८३७१९२१.०० |
| ७ | भूमिकर(मालपोत) | २१३७८५२.१० | १९ | मेलम्ची क्षेत्रिय कोरोना-१९ रोकथाम तथा नियन्त्रण कोषबाट खर्च | ०.०० |
| ८ | दण्ड जरिवाना | ४२२७०३०.५८ | २० | कोरोना संक्रमण , रोकथाम तथा नियन्त्रण कोषबाट खर्च | ०.०० |
| ९ | जडिबुटी तथा कवाडी कर | ८९२८.०० | २१ | मेलम्ची बाढि पिडित राहत तथा पुनस्थापना कोषको खर्च | ०.०० |
| १० | बेरुजु | ३३९१२९.०० | २२ | लैङ्गिक हिंसा निवारण कोषको खर्च | ०.०० |
| **घ.** | विभाज्य कोष | | २३ | शव वाहन सञ्चालन तथा व्यवस्थापन कोषको खर्च | १४४०००.०० |
| १ | विज्ञापन कर | ३३२९१५.०० | **घ.** | विभाज्य कोष | |
| २ | दहत्तर बहत्तर शुल्क मुल्य अभिवृद्धि कर | ७६१७७८८.५९ | १ | विज्ञापन कर प्रदेश दाखिला | १९९७४९.०० |
| **ङ.** | **विभिन्न कोष खाताहरुमा आम्दानी तर्फ** | | २ | विज्ञापन कर बाँडफाँडबाट प्राप्त राजश्व खाता दाखिला | १३३१६६.०० |
| १ | कर्मचारी कल्याणकारीको कोषको ब्याज आम्दानी | १५८८०८.६५ | ३ | दहत्तर बहत्तर शुल्क मुल्य अभिवृद्धि कर | ७६१७७८८.५९ |
| २ | नगरपालिकाबाट कल्याणकारी कोषमा जम्मा | २००००००.०० | **ङ.** | **धरौटी खाताबाट फिर्ता** | १२६४९८४५.०० |
| ३ | जिल्ला समन्वय समितिबाट प्राप्त | १२३९०४१.०० | **च.** | **विविध खर्च खाता खर्च** | |
| ४ | कृषि विकास कोषको ब्याज आम्दानी | १२२४६६.९५ | १ | दिर्ग रोगी भुक्तानी | ५९६५०००.०० |
| ५ | नगरपालिकाबाट कृषि विकास कोषमा आम्दानी | ५००००००.०० | २ | नगर अस्पताल भुक्तानी | २३२२२०५२.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | गरिबी निवारण कोषको ब्याज आम्दानी | ३३८९.३८ | ३ | किसान साझेदारी भुक्तानि | २९०६५५२.७५ |
| ७ | सामुदायिक स्वास्थ्य कोषको ब्याज आम्दानी | ३३८९.३८ | ४ | बेरुजु दाखिला | १०१६४९८.०० |
| ८ | वातावरणीय व्यवस्थापन विशेष कोषको ब्याज आम्दानी | ११५५६.२८ | **छ.** | **बैंक मौज्दात** | |
| ९ | महिला तथा बालबालिका विकास विशेष कोषको ब्याज आम्दानी | ४५२७.०६ | १ | संचित कोष खाता | ९८२४१९८८.१४ |
| १० | पर्यटन प्रवर्द्धन कोषको ब्याज आम्दानी | ५९५६२६.९५ | २ | धरौटी खाता | ३४७४७७३३.०० |
| ११ | पर्यटन प्रवर्द्धन कोषमा नगरपालिकाबाट जम्मा | ०.०० | ३ | प्रकोप व्यवस्थापन कोष | १२४१३१७.०० |
| १२ | विपद् व्यवस्थापन कोष नगरपालिकाबाट जम्मा | २००००००००.०० | ४ | विविध खर्च खाता | १९४०३००९.३८ |
| १३ | विपद् व्यवस्थापन कोषमा आन्तरिक मामिला मन्त्रालयबाट प्राप्त | १५००००००.०० | **ज.** | **विभिन्न कोषहरुको बैंक मौज्दात** | |
| १४ | विपद् व्यवस्थापन कोषमा ब्याज आम्दानी | ४४७७३०.४४ | १ | कर्मचारी कल्याणकारी कोष | ९२१९४५४.६५ |
| १५ | मर्मत संभार विशेष कोषमा पालिकाबाट जम्मा | १००००००००.०० | २ | कृषि विकास कोष | ६४३२७५०.९२ |
| १६ | मर्मत संभार विशेष कोषमा ब्याज आम्दानी | २२६५५२.८९ | ३ | गरिबी निवारण कोष | १६५९०३.४९ |
| १७ | मर्मत संभार विशेष कोषमा कन्टिन्जेन्सी आम्दानी | १६६८२४०५.०० | ४ | सामुदायिक स्वास्थ्य कोष | १६५९०३.४९ |
| १८ | मेलम्ची क्षेत्रिय कोरोना-१९ रोकथाम तथा नियन्त्रण कोष | ०.०० | ५ | वातावरणीय व्यवस्थापन विशेष कोष | ५६३२२५.७३ |
| १९ | लैङ्गिक हिंसा निवारण कोषमा आम्दानी | ०.०० | ६ | महिला तथा बालबालिका विकास विशेष कोष | २२१२४१.२८ |
| २० | नगर शिक्षा कोषमा नगरपालिकाबाट जम्मा | १५००००००.०० | ७ | पर्यटन प्रवर्द्धन कोष | २०३२६९०९.२८ |
| २१ | नगर शिक्षा कोषमा ब्याज आम्दानी | १८४२८९.२७ | ८ | विपद् व्यवस्थापन कोष | २६६५८२७७.६२ |
| २२ | प्रकोप व्यवस्थापन कोषमा आम्दानी | ०.०० | ९ | मर्मत संभार विशेष कोष | १६९६४८६३.८१ |
| २३ | मेलम्ची बाढि पिडित राहत तथा पुनस्थापना कोष | ०.०० | १० | मेलम्ची क्षेत्रिय कोरोना-१९ रोकथाम तथा नियन्त्रण कोष | २४३९४.०० |
| २४ | कोरोना संक्रमण रोकथाम तथा उपचार कोषमा आम्दानी | ०.०० | ११ | कोरोना संक्रमण , रोकथाम तथा नियन्त्रण कोष | ७३९९५४.३३ |
| २५ | नगरस्तरीय बाल अक्षय कोष ब्याज आम्दानी | ५५१९०९.७३ | १२ | लैङ्गिक हिंसा निवारण कोष | ४७५०००.०० |
| २६ | नगरस्तरीय बाल अक्षय कोषमा अन्य आम्दानी | १००००.०० | १३ | मेलम्ची बाढि पिडित राहत तथा पुनस्थापना कोष | २५२९३९.०४ |
| २७ | शव वाहन सञ्चालन तथा व्यवस्थापन कोषमा आम्दानी | २४५६००.०० | १४ | मेलम्ची नगरस्तरीय बाल अक्षय कोष | ७४११८७५.७४ |
| २८ | धरौटी खातामा आम्दानी | १५८६५६१८.०० | १५ | नगर शिक्षा कोष | १०३१४१८१.८२ |
| **ङ.** | **विविध खर्च खाता** | | १६ | शव वाहन सञ्चालन तथा व्यवस्थापन कोष | २२३६००.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | यस आ. व.सामाजिक सुरक्षा फिर्ता आम्दानी | ९४४०८३.०० | | | |
| २ | दिर्गरोगी शोधभर्ना प्राप्ति | ५९६५०००.०० | | | |
| ३ | लागत सहभागिता(कृषि र योजना) | २९६००५३.७५ | | | |
| ४ | पिएलजिएसपी शोधभर्ना | ३८०९९९.९८ | | | |
| ५ | नगर अस्पतालको रकम शोधभर्ना | २३२२२०५२.०० | | | |
| ६ | सडकबोर्डबाट शोधभर्ना | ३१७१००१.०० | | | |
| ७ | जिससबाट शोधभर्ना | २९०८४२६.०० | | | |
| **च.** | **को ले नि का बाट निकासा भएका शीर्षक** | | **झ.** | **को ले नि का बाट खर्च भएका शीर्षक** | |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | २१७१३३२६५.०० | १ | सामाजिक सुरक्षा तथा संरक्षण | २१७१३३२६५.०० |
| २ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३६७४४३७९.०० | २ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३६७४४३७९.०० |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५९६५०००.०० | ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५९६५०००.०० |
| **कुल जम्मा** | | १९८९६५०९५४.९५ | **कुल जम्मा** | | १९८९६५०९५४.९५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **वित्तीय विवरण परीक्षण**

५.१ **बैंक मौज्दात** – पालिकाले तयार गरेको एकिकृत आय-व्यय विवरण बैंक मौज्दात रु. २५३७९४५२२.७२।– रहेको छ । म.ले.फा.नं. २७०(१) अनुसार प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनमा रु. २१०६३३२११.५१ देखिएकोले एकिकृत आयव्ययमा रु. ४३१६१३११.२१ बढी बैंक मौज्दात देखिएकोले यस सम्बन्धमा हिसाब मिलान हुनुपर्दछ ।

५.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२१,७१,३३,२६५, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३,६७,४४,३७९ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.५९,६५,०००.०० समेत गरी रु. २५,९८,४२,६४४.०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३८८१४६२९०.३७, यस वर्षको प्राप्ति रु. १६०१५०६४६४.५८, यस वर्षको भुक्तानी रु.१७३५८५६४३२.२३ र बैङ्क मौज्दात रु. २५३७९४५२२.७२ रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | **३९०१८४९१९.५९** | **११२८२३५६६६.४८** | **१३११०९५५४६.९८** | २१०६३३२११.५१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३८८१४६२९०.३७ | **१३४१६६२०२०.५८** | १४३१४९६९६२.८४ | २५३७९४५२२.७२ |
| फरक | २०३८६२९.२२ | २१३४२६३५४.१० | १२०४०१४१५.८६ | ४३१६१३११.२१ |

५.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २०७२१००५.४४ | ६३८८०९७६.६५ | ४३१५९९७१.२१ |
| चालु खर्च खाता-बिजोर वर्ष | २५४१८९.२४ | ० | २५४१८९.२४ |
| ग१.१, आन्तरिक राजस्व खाता | ३२७४९९६८.०७ | ३४३६१०११.४९ | १६११०४३.४२ |
| **जम्मा** | २०९२७७६९७.३३ | २५३७९४५२२.७२ | ४४५१६८२५.३९ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गरेको देखिन्छ।

५.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खाता, पुँजीगत खाता, आन्तरिक राजस्व खाता, राजस्व बाँडफाँड खाता, र आन्तरिक अनुदान खातामा रहेको सम्पूर्ण रकम सञ्चित खातामा ट्रान्सफर गरी सञ्चित खातामामा रु.९८२४१९८८.१४ मौज्दात रहेको पाइयो । आर्थिक वर्ष सकिएपछि साउन महिनामा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

५.६ ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२** को निर्णयले रू **१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६ **आन्तरिक नियन्त्रण प्रणाली**

६.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले २०८०/८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वियन अवस्था कमजोर रहेको,

• रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिल सिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालिकाले सार्वजनिक सम्पतीहरुको अभिलेख राखेको छैन् ।

• खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी नगर प्रमुखको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम राखेको (PAMS मा रेकर्ड हुने गरेको)¸

• अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको¸

• नगरपालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको¸

• अधिकांशमा अनुगमन भ्रमण प्रतिवेदन पेस भएको

• सवारी मर्मतमा लागत अनुमान तयार गरेको

• अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको

• विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेस भएको

• विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यममा पालिकाको तर्फबाट सचेतनामूलक सन्देश तथा शुभकामना प्रकाशन तथा प्रशारण बापतको बिल बमोजिम भुक्तानी भएकोमा सम्झौता/कार्यादेश संलग्न नरहेको ।

• मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मबाटमात्र खरिद गर्ने गरेको

• पालिकाको डोजर/ स्क्याभेटर प्रयोगमा तेल प्रयोगको लग बुक आंशिक रुपमा भएको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक वर्ष समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । मेलम्ची नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम**

७.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

७.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत खरिद योजना नबनाई रु.६७,१७,२३,०६७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त

ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

७.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७.४ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०/०३/०९ मा रु.१ अर्ब ४७ करोड ८१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/०३/०९ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०/०३/१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न तोकिएका कार्यक्रमहरु गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७.५ **बजेट अवण्डा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ७६५०००० अबण्डा बजेट व्यवस्था गरी १५ योजनामा रु. ७३८६५०७ खर्च गरेको छ। बजेट अबण्डामा राखी नगर प्रमुखको तोक आदेशबाट सो स्व. विवेकिय निर्णयको आधारमा कार्यपालिकाबाट निर्णय गराई खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका योजना देहाय अनुसार छन् :

| क्र.सं. | योजना | रकम |
|---|---|---|
| १ | सोलार जडान | ९४२००० |
| २ | सोलार मर्मत | ३७३०५० |
| ३ | प्रतिक्षालय निर्माण | १३१६३४ |
| ४ | वडा नं. ८ कार्यालय व्यवस्थापन | ४६२२३० |
| ५ | मंगले तामाङको घर संरक्षण | ७५५२४७ |
| ६ | बसाहाचौर पत्थरपार्क निर्माण | ७००० |
| ७ | मेलम्ची गैरीगाउँ सुनखानी लागार्चे सडक स्तरोन्नती | ७५२१२६ |
| ८ | तालामाराङ मानेभञ्ज्याङ सडक | ३४६४५ |
| ९ | पाईप खरिद | ९९१३८१ |
| १० | थरीटोल बस्ती संरक्षण | ९०२५०० |
| ११ | वडा नं. ९ मा पार्टेशन | ९९६०१ |
| १२ | काफ्लेखोला खाल्डेखोला मोटर पुल मर्मत - | ७१७६१३ |
| १३ | मेलम्ची कटुञ्जे सिम्पानी सडक मर्मत | ९५४५८२ |
| १४ | तालामाराङ कोटेचौर मोटर बाटो निर्माण | १४२९६ |
| १५ | ज्यामिरे सहकारी मोड शितलादेवी सडक निर्माण | २४८६०२ |
| जम्मा | | ७३८६५०७ |

७.६ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्नअनुसार १३ वडाको लागि वडागत र पालिकास्तरका कुल ४९१योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २६३ | ४७ | १४४ | ७२ |
| २ | वडास्तरीय | २२८ | ५ | १५२ | ७१ |
| जम्मा | | ४९१ | ५२ | २९६ | १४३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४९५ योजनामात्र कार्यान्वयन भई ४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

**लक्ष्य प्रगति** - कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% भन्दा माथि |
| कार्यक्रम संख्या | ४९५ | ४ | ३ | १२ | ४७७ |

७.७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८०४३३६००.०० | ५८७९५४०१.२५ | ४.४८ |
| २ | पूर्वाधार विकास | ६६५७७०९३७.०० | ५२५६२५५८५.०० | ४०.०९ |
| ३ | सामाजिक विकास | ६०८०९३०००.०० | ५१०२२४७४८.६१ | ३८.९२ |
| ४ | बातावरण तथा विकास | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५११५५०००.०० | ४६२०६०९३.०० | ३.५२ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | २१०६३५११७.६४ | १७०२४३७१९.१२ | १२.९८ |
| जम्मा | | १६१६०८७७३४.६४ | १३११०९५५४६.९८ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास मा सबैभन्दा बढी ४०.०९ प्रतिशत र संस्थागत विकास र सेवा प्रवाह, वित्तीय सुशासनमा सबै भन्दा घटीमा ३.५२ प्रतिशत रहेको छ ।

७.८ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ३१२२८४२०२.१३ राजस्व बाँडफाँड र अनुदानबाट रु. ९०५५२२५८८.१५ समेत रु. १२१७८०६७९०.२८ आम्दानी भएकोमा चालु तर्फ रु. ६३९३७२४७९.९८ र पूँजिगत तर्फ रु. ६७१७२३०६७ समेत गरी रु . १३११०९५५४६.९८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २३.८१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. १२४६९२४८ खर्च भएको छ जुन आन्तरिक आयको ३.९९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४८.७६ प्रतिशत चालु र ५१.२४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | ६७१७२३०६७ | ३१९७३०२१ | ५६७२३५९६ | ५९४८२७४५० | २१९१०३६९२ |
| प्रतिशत | ५१.२४ | ४.७५ | ८.४४ | ८८.५५ | ३२.६२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ६७१७२३०६७ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ३१९७३०२१ (४.७५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ५६७२३५९६ (८.४४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. १६८३४८२७६ (२५.०६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २१९१०३६९२ (३२.६२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ८ संगठन तथा कर्मचारी व्यवस्थापन

८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

८.२ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १४३९५७४७ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| इन्जिनियर | ४ | २३११८२८ |
| वतावरण अधिकृत | १ | ५७७९५७ |
| सव-इन्जिनियर | २ | ९२२९८० |
| अ.स.ई. | ८ | ३५०१८०८ |
| न्यायिक सहजकर्ता | १ | ४६१४९० |
| प्राविधिक सहायक ( पशु ) | १ | ४६१४९० |
| कम्प्यूटर अपरेटर | १ | ४६१४९० |
| सहायक कम्प्यूटर अपरेटर | ४ | १७५०९०४ |
| सहायक पाँचौ | २ | ९२२९८० |
| सहायक चौथो | ४ | १७५०९०४ |
| अमिन चौथो | २ | ८७५४५२ |
| सहायक तेस्रो | १ | ३९६४६४ |
| जम्मा | ३१ | १४३९५७४७ |

८.३ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ५० कर्मचारीको रु. ४४४१७३०४ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

८.४ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १३ | १३ | १० | ३ |

**कर्मचारी कल्याण कोष** - स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतिभर, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि दरबन्दीमा कार्यरत कर्मचारीले खाईपाई आएको तलबको दश प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ ।

| सुरु मौज्दात | यो बर्षको आम्दानी | यो बर्षको खर्च | अन्तिम मौज्दात |
|---|---|---|---|
| ६३१३५७६.२९ | ३३९७८४९.६५ | ४९१९७१.२९ | ९२१९४५४.६५ |

पालिकाले कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गर्ने गरेको छैन् भने पालिकाको तर्फबाट एकमुष्ट कर्मचारी कल्याण कोषमा रु. २० लाख र जिल्ला समन्वय समितिबाट रु. १३९७८४९.६५ जम्मा गरेको छ । पालिकाले कोष संचालन सम्बन्धमा कार्यविधि समेत निर्माण नगरेकोले अवकाष कोष संचालन कार्यविधि निर्माण गरी रकम परिचालन तथा उपयोग गर्नुपर्दछ ।

## ९ सम्पत्ति संरक्षण र उपयोग

९.१ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो कार्य गरेको छैन । कार्यालयले सामान खरिद गर्दा हालसम्म अनिवार्य रुपमा PAMS दाखिला गरेको छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

९.२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

९.३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था बारे तोकिएको सबै विवरण उपलब्ध नभएकोले विश्लेषण गर्न सकिएन ।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | पटकपटक | ३५कित्ता | नखुल्ने | वडा कार्यालय,स्वास्थ्य चौकी र पालिकाको नाममा रहेको |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | पटकपटक | ३४वटा | | ब्याकहोलोडरसहित |
| उपकरण (रु.१ लाखभन्दा बढी) | पटकपटक | ४वटा | | २वटाक्यामारा२ वटामोवाइल |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | नभएको |
| अतिक्रमणमा परेको जग्गा | | | | नपरेको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | प्रमाण नभएको |

## १० कर संकलन तथा राजस्व

१०.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४०३५२११०६.२० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ३१२२८४२०२.१३ अर्थात अनुमान भन्दा २२.६१ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१०.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| **केन्द्रीय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ६४६७८०११४.६१ | **३१२२८४२०२.१३** | २५.६४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २५.६४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने

देखिन्छ ।

१०.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृतसम्पत्तिकररघरजग्गाकर | ३०००००० | २५५१०२५.60 | ८५.०३ |
| घरजग्गावहालकर | ३००००० | २७१२३४५.८६ | ९०.४१ |
| व्यवसायकर | ४०३१५६५४.33 | ९०८०९२६.५० | २२.५२ |
| वहालविटौरीशुल्क | ३५००००० | ३३८०१५४ | ९६.५७ |
| सेवाशुल्क | ५०००००० | ८४६७६५१.१० | १६९.३५ |
| दस्तुर | २०००००० | २२६७६४४.२८ | ११३.३८ |
| विज्ञापनकर | ३३२९१५ | ३३२९१५ | १०० |
| भूमिकर (मालपोत) | २५००००० | २१३७८५२.१० | ८५.५१ |
| प्रशासनिक दण्ड जरिवाना | १५०००० | ४२२७०३०.५८ | |
| ढुङ्गागिटीबालुवाबिक्री | २९३२१५३३९.२३ | २४९१८८३४४.४७ | ८४.९८ |
| ढुङ्गागिटीबालुवाबिक्रीमू.अ.कर | १५२४७१९७.६४ | १५२४७१९७.६४ | १०० |
| जडिबुटीतथाकबाडीकर | २६००००० | ८९२८ | ३.४३ |
| बेरुजुदाखिला | 0 | ३३९१२९ | |
| मालपोत रजिष्ट्रेशन | ३५०००००० | १२३४३०५८ | ३५.२६ |
| जम्मा | **४०३५२११०६.२०** | **३१२२८४२०२.१३** | **७७.३९** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१०.४ **असुली गर्न बाँकी आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायका व्यवसायीबाट रु. ३१८१५९७ असुल गर्ने बाँकी रहेको छ ।

| क्र.सं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | बाँकी रकम |
|---|---|---|---|
| | गंगा ईन्द्रावती क्रसर उद्योग प्रा.लि.मेनपा-१३ | क्रसर व्यवसाय कर र बहाल बिटौरी शुल्क | ६००००० |
| | जुगल एण्ड गुगल क्रसर उद्योग प्रालि मेलम्ची-११ | क्रसर व्यवसाय कर र बहाल बिटौरी शुल्क | ११५०००० |
| | बज्र वासिङ सेन्टर प्रालि, मेलम्ची-१२ | क्रसर व्यवसाय कर र बहाल बिटौरी शुल्क | १४३१५९७ |
| जम्मा | | | ३१८१५९७ |

तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,८१,५९७ |

१०.५ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १३ वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु. १४६०४८५८.१६ असुली भई दाखिला भएको छ।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १ | सम्पत्ति कर, भूमिकर , व्यवसाय कर , घरजग्गा बहाल कर , सेवा शुल्क दस्तुर लगायत । | १४०६५९५.६० | १४०६५९५.६० | – |
| २ | २ | | ५७९०३३.६५ | ५७९०३३.६५ | – |
| ३ | ३ | | ८३९३२९.६६ | ८३९३२९.६६ | – |
| ४ | ४ | | १०७७३३३.१९ | १०७७३३३.१९ | - |
| ५ | ५ | | ५४१०९३ | ५४१०९३ | – |
| ६ | ६ | | ८६१८६६.७१ | ८६१८६६.७१ | - |
| ७ | ७ | | १०४०७८२.५२ | १०४०७८२.५२ | – |
| ८ | ८ | | ६०२७९९.२० | ६०२७९९.२० | – |
| ९ | ९ | | १३७८४९३.५० | १३७८४९३.५० | – |
| १० | १० | | ११८०२५९.५० | ११८०२५९.५० | – |
| ११ | ११ | | २७०८७५५.४० | २७०८७५५.४० | - |
| १२ | १२ | | १३५४३०३.५० | १३५४३०३.५० | - |
| १३ | १३ | | १०३४२१२.७५ | १०३४२१२.७५ | – |
| जम्मा | | | १४६०४८५८.१६ | १४६०४८५८.१६ | - |

१०.६ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९०८०९२६.५० कर

सङ्कलन गरेकोमा पालिकामा आएका व्यवसायीहरुको अभिलेख राख्ने गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ११ कानून निर्माण एवं कार्यान्वयन

११.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले उपलब्ध गराएको विवरण अनुसार हालसम्म २० वटा ऐन, ४ वटा नियमावली, ३७ कार्यविधि, ३ निर्देशिका र १ नम्स लगायत ६५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ६५ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको देखिन्छ।

११.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ११ र यो वर्ष थप भएको ६६ गरी कुल ७७ विवाद दर्ता भएकोमा ६९ वटा मात्र फर्स्यौट भई ८ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

११.३ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था भएपनि सबै योजनाको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई हुन सकेको छैन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## १२ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

## १३ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## १४ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १४३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ६५ वटा सहकारीले विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १३ वडामा १३योजना सञ्चालन गरी यस वर्ष ८६ जनालाई औसत ९१.९९ दिनले ७८८० दिन रोजगारी उपलव्ध गराई रु.५२८३०००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । साथै उक्तम्यानुअलको बुँदा ४.१.९.२ को क्रियाकलापका सूचीमा मात्र स्थानीय तहले खर्च गर्नु पर्ने व्यवस्था छ । प्रदेश सरकारले सञ्चालन गर्ने ब्लक कार्यक्रमको क्रियाकलापका सूचीमा पालिकाले पकेट सञ्चालन गर्दा ५० प्रतिशत साझेदारीमा २३ थान ४०,००० (२० हजार कृषकको साझेदारी र २० हजार कार्यक्रम) दरले जम्मा रु.९,२०,०००।०० मा खरिद गरी विभिन्न पकेट सञ्चालन समितिहरुलाई वितरण गरेको छ।

१७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न १०२ संघसंस्था र व्यक्तिहरुलाई रु. २८०८०००.०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ३१२२८४२०२.१३ को ०.९० प्रतिशत हुन आउँछ ।

१८ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले मेलम्चि कृषि मोबाइल एप्लिकेशन सम्बन्धी सफ्टवेयर खरिद गरी रु. ८८९३१० खर्च गरी प्रयोगमा आएको छ। खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

## १९ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## २० विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट उपलब्ध विवरण अनुसार २९लाख ९६ हजार र कन्टिन्जेन्सीबाट २२ लाख ५६ हजार खाना खाजा , परिक्षा सञ्चालन,अतिथी सत्कारलगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

## २१ भवन नक्सा पास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम पालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । पालिकामा यस वर्ष ३० घर नक्सा पासको निवेदन परेकोमा अस्थायी अनुमति ३२ गत बर्ष अनुमति लिएको मध्ये ३४ यो बर्ष अनुमति लिएको ६८ समेत १०२ कार्यसम्पन्न भएकोमा बाँकी अनुमति नदिएको पालिकाले पेश गरेको विवरणबाट देखिन्छ । पालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी पालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।

## २२ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.९९१९७३३.००बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ९९१९७३३.०० फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | जम्मा |
|---|---|---|---|
| २ | १०/०३/२०८० | गेहेन्द्र लक्ष्मी / जुगल हिमशिखर जे.भि. मेलम्ची गुफा रोड | २०००००.०० |
| ३ | १०/२५/२०८० | रुद्रादेवी । बटुसफल जे.भी. | ३२०००००.०० |
| ४ | ०१/०४/२०८१ | दो बि. बि. निर्माण सेवा | ७०००००.०० |
| ५ | ०१/१३/२०८१ | रुक्मिनी इन्जिनियरिङग् एण्ड कन्स्ट्रक्सन प्रा.लि. | १७९००००.०० |
| ६ | ०१/२१/२०८१ | केदार/शान्ति एण्ड आश्विन/भुजनदेवी जे.भी. | १३०००००.०० |
| ८ | ०३/३१/२०८१ | रुद्रादेवी । बटुसफल जे.भी. | ८८२०००.०० |
| ९ | ०२/१३/२०८१ | नेपाल विद्युत प्राधिकरण | २४८८२२.०० |
| १० | ०२/१७/२०८१ | नेपाल विद्युत प्राधिकरण | २३९११.०० |
| ११ | २०८१।३।२० | आईतमान तामाङ | १००००० |
| कुल जम्मा | | | ७५६२७३३.०० |

**म्याद ननाघेका पेश्की विवरण**

| सि.नं. | पेश्की लिनेको नाम | रकम |
|---|---|---|
| १ | रुक्मिनी इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि | १५७५००० |
| २ | रुद्रादेवी । बटुसफल जे.भी. | ८८२००० |
| जम्मा | | २४५७००० |

| | |
|---|---|
| पेश्की | ७५,६२,७३३ |

२३ **ठेक्का व्यवस्थापन**

२३.१ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २३.३ देखि ६१.२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | बाहुनेपाटि माझिगाउँ डाँडाथोक बाँसबारी भन्ज्यांग सडक स्तरोन्नति | २०८०-८१/०१ | एस.आर.बी. बिल्डर्स ,चौतारा सिन्धुपाल्चोक | ३५५७८२७८.११ | २७२८०२४५.१७ | २३.३२ |
| २ | मेलम्ची गैरीगाउँ सुनखानी लागर्चे सडक | २०८०-८१/०३ | एस.आर.बी. बिल्डर्स ,चौतारा सिन्धुपाल्चोक | ३६५७७७९८.९२ | २६२६५८७७.६४ | २८.१९ |
| ३ | १२ न. वडा प्रसाशानिक भवन निर्माण | २०८०-८१/०५ | जुगल हिमशिखर/केदार निर्माण जे.भी ,सिन्धुपाल्चोक | ४४२९३९५३.९२ | २८५०३३५८.४७ | ३५.६५ |
| ४ | पिप्ले ओख्रेनिचौर धौले सडक स्तरोन्नति | २०८१-८१/०४ | आर.आर/कपिल जे.भी दोलखा | २१३२६२७५.२० | १३९७८६३४.५० | ३४.४५ |
| ५ | मेलम्ची गुफा पर्यटकीय सडक | २०८०-८१/०६ | गेहेन्द्र लक्ष्मी/जुगल हिम शिखर जे.भी, सिन्धुपाल्चोक | ३६०६९२५९.३३ | २५९४९३६९.०१ | २८.०६ |
| ६ | सरस्वति मा.वि भवन मर्मत | २०८०-८१/०७ | सिन्धुधुसेनी कन्स्ट्रक्सन एण्ड रियल स्ट्रेट प्रा.ली.,काठमान्डौ | २०७१५३३.६५ | १२७४१५६.७० | ३८.४९ |
| ७ | ज्यामिरे सहकारी मोड शिखरपुर सितालादेवी सडक स्तरोन्नति | २०८०-८१/०८ | एभेरेस्ट इन्फ्रा प्रोजेक्ट प्राली | ६२९८१४१.७९ | ४७५७५११.८४ | २४.४६ |
| ८ | जिरोकिलो सोतिखोला हैबुंग पाटिभन्ज्यांग सडक स्तरोन्नति | २०८०-८१/०९ | एस.आर.बी. बिल्डर्स ,चौतारा सिन्धुपाल्चोक | २४५४११३८.७२ | १९९४३१४५.२१ | १८.७४ |
| ९ | दुबाचौर भटार तालामारांग कालोपत्रे सडक | २०८०-८१/१० | रुद्र देवि/बट्रुसफल जे.भी | ९६३५५०७३.५२ | ६७८५६७९२.८२ | २९.५८ |
| १० | गुन्जेमोड काफ्लेखोला खड्काथोक सडक स्तरोन्नति | २०८०-८१/११ | गोल्मेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.काठमाण्डौ | २४४१६५६.०० | १७७५२१०.६७ | २७.२९ |
| ११ | थापागाउँ गोल्मेश्वारी भण्डारी गुफा सडक स्तरोन्नति | २०८०-८१/१२ | एभेरेस्ट इन्फ्रा प्रोजेक्ट प्राली | २४४१६५६.०० | १७९३७९६.०१ | २६.५३ |
| १२ | खाल्डेखोला सिरानटोल कैचले सडक स्तरोन्नति | २०८०-८१/१३ | गोल्मेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.काठमाण्डौ | ६३९०४०४.११ | ३८६५१२५.१५ | ३९.५२ |
| १३ | मेलम्ची लागर्चे सडक स्तरोन्नति | २०८०-८१/१४ | एस.एस.डी. कन्स्ट्रक्सन प्रा.ली | ५३५६५५०.०३ | ३७८२६०७.४७ | २९.३८ |
| १४ | घैया फोकटा पाख्रिनटोल मगरटोल दलदले सडक स्तरोन्नति | २०८०-८१/१५ | आर.डी.एस.इन्जिनियरिंग एण्ड कन्ट्रक्सन कम्पनि प्रा.ली ,दोलखा | २४३७०८६.४६ | १७१३५९३.८२ | २९.६९ |
| १५ | सिन्धुखोला गिरन्चौर महाभिर भोटेचौर सडक स्तरोन्नति | २०८०-८१/१६ | डी.एन.एस. कन्स्ट्रक्सन and सप्लायर्स प्रा.ली.,मेलम्ची-११ सिन्धुपाल्चोक | ३३८१९२०.६६ | २२८०९१४.०७ | ३२.५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | १० न. स्वास्थ्य चौकी भवन निर्माण | २०८०-८१/१७ | रुक्मिनी इन्जिनियरिंग कन्स्ट्रक्सन प्रा.ली ,भक्तपुर | ३१७७२४३१.८५ | २१३३९९८९.६५ | ३२.८३ |
| १७ | वडा न.७ स्वास्थ्य चौकी भवन निर्माण | २०८०-८१/१८ | केदार/शान्ति एण्ड आश्विन/भुजन्देबी जे.भी | २३९००६१८.२८ | १६२०११८९.१२ | ३२.२१ |
| १८ | बजार ब्यबस्थापन कार्य | २०८०-८१/१९ | दिपराज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली, सिन्धुपाल्चोक | १२१७५८२६.३१ | ८१२७८८७.८६ | ३३.२५ |
| १९ | ठाँटी चन्डेनी भन्ज्यांग सडक स्तरोन्नति | २०८०-८१/२२ | बिकाश कन्स्ट्रक्सन एण्ड सप्लायर्स ,सिन्धुपाल्चोक | २३९६३०१.४१ | १७५७०९३.२२ | २६.६७ |
| २० | खानेपानी योजना निर्माण ढकालथोक | २०८०-८१/20 | डी.एन.एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली ,मेलम्ची-११ सिन्धुपाल्चोक | ३४४१८९२.४५ | २२२६४३५.३७ | ३५.३१ |
| २१ | एक घर एक धारा खानेपानी निर्माण मेलम्ची -२ | २०८०-८१/२१ | दुलाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली ,मेलम्ची-२ सिन्धुपाल्चोक | ३२४९२९९.२१ | २०९६३६६.३० | ३५.४८ |
| २२ | Construction of sports Covered Hall at Melamchi-11 | २०८०-८१/२३ | डीओ.बी.बि. निर्माण सेवा दोलखा | १७४७४३५०.०० | १००७७७५२.८२ | ४२.३३ |
| २३ | ३ न. स्वास्थ्य चौकी भवन निर्माण | २०८०-८१/२४ | केदार/कपिल निर्माण सेवा ,सिन्धुपाल्चोक | २५०५२४४७.५७ | १६५७८५४८.४६ | ३३.८२ |
| २४ | बहुआयामिक भवन निर्माण वडा नं.३ | २०८०-८१/२५ | पर्फेक्ट इन्जिनियरिंग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.ली.इन्द्रावती-४ सिन्धुपाल्चोक | ५४४०८५१.१५ | ३६१५२३१.९४ | ३३.५५ |
| २५ | सुनखानी खानेपानी योजना | २०८०-८१/२६ | बिकाश कन्स्ट्रक्सन एण्ड सप्लायर्स ,सिन्धुपाल्चोक | १२५५३६९९.१६ | ७१३३७६८.५० | ४३.१७ |
| २६ | भोटेचौर डांडागाउँ स्वास्थ्य चौकी भवन निर्माण | २०८०-८१/२७ | रुक्मिनी इन्जिनियरिंग कन्स्ट्रक्सन प्रा.ली ,भक्तपुर | २६६९३८२३.४९ | १८१७५७९१.२५ | ३१.९१ |
| २७ | थरिटोल प्राधिकरण बिसौना सडक ढलान | २०८०-८१/२८ | इन्जिनियरिंग जे,भी.,मेलम्ची सिन्धुपाल्चोक | १३९७३१६४.४९ | ७५४१२५६.८९ | ४६.०३ |
| २८ | मेलम्ची फत्ते बस्ति संरक्षण | २०८०-८१/२९ | विकाश कन्स्ट्रक्सन एण्ड सप्लायर्स सिन्धुपाल्चोक | ६८२८०५२.१९ | २६४६२३२.०० | ६१.२४ |
| २९ | गोल्मास्थान चांखु गुफा डाँडा सडक स्तरोन्नति | २०८०-८१/३० | घिसिंग निर्माण सेवा,इमाडोल,ललितपुर | ८८३३२८३.४७ | ५०९२७६०.७८ | ४२.३५ |
| ३० | महिला सुरक्षा तथा एड्स नियन्त्रण मंच भवन निर्माण | २०८०-८१/३१ | निर्मल कन्ट्रक्सन क्लिन सर्भिसेस प्रा.ली,काठमान्डौ | ४८५१२४३.९० | ३३६१४२७.२१ | ३०.७१ |
| जम्मा | | | | | ३५६९९२०६९.९२ | |

२३.२ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन

लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२३.३ **आयोजना हस्तान्तरण** - सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु. २३०८१४५११.०० खर्च गरी ३९१ बटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

२३.४ **परामर्श तथा डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

| क्र स | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत | | |
|---|---|---|---|---|---|---|---|
| १ | Detailed Project Report (DPR) of Basaha Tourism Park in Melamchi Municipality, ward No.02, Sindhupalchok | M/S Nibandhani Engineering Consult Pvt.Ltd., | ८०३३११ | ७०९००० | | | १७५५५२८९ |
| २ | Detailed Project Report (DPR) of Sindhukhola Tallo Gadhi at Melamchi Municipality,Ward-12, Melamchi , Sindhupalchok | M/S Bristi Design and Consulting Pvt. Ltd. | ४९९४५४ | ४९८००० | | | ४९५८४७२१ |
| ३ | Detailed Project Report (DPR) of Sfatkeshwar Mahadev Mandir at Melamchi Municipality,Ward-13, Melamchi , Sindhupalchok | M/S Swarna Engineering Consultancy Pvt. Ltd. | ४९९९८५ | ४३९९०० | | | २८२६४५११ |
| ४ | Detailed Project Report (DPR) of Jalpadevi Mandir at Melamchi Municipality,Ward-02, Melamchi , Sindhupalchok | M/S Aakar Engineering Solution and Construction Pvt. Ltd. | ४००७२६ | ३५२००० | | | ८२७३१५९ |
| ५ | WASH Data Collection and WASH Plan Preparation of Melamchi Municipality | M/S Platform Engineering Construction and Consultancy Pvt. Ltd | ११९७०५३ | १७५७००० | | उपलब्ध नभएको | |
| ६ | Preparation of Land Use Zoning Of Melamchi Municipality | M/S Five Eye Geotech Engineering Solutions Pvt.Ltd. | ९९९८९४ | ८६३००० | | | |
| | | | | | | उपलब्ध नभएको | |
| ७ | Feasibility study,detailed engineering Survey Design cost estimate of Hostel Building in Melamchi-11 | D-Tech Engineering Pvt.Ltd. | १०२३४०० | ९७०५०० | | ७६५८८११८ | |
| ८ | DPR of Shree Kyaulethana Basic School Hostel-9 | Sangam Infrastructure Pvt Ltd | ११३६९४८ | ११००५०० | | ६८०५३७८१ | |
| ९ | DPR of Indreshwor Mahadev Temple Premises | Aakar Engineering Solution and Costruction Pvt.Ltd. | ४४२३४५ | ४४०००० | | ३३०७८५६२ | |
| १० | Feasibility Study of Bridge Site over Melamchi River at Melamchi Municipality Ward No-11, Fatte | RITI Consultancy P. Ltd., Lalitpur, Nepal, | ४९९८३९ | ४९५७३१ | | | |
| ११ | Detail Project Report of Bridge site over Melamchi River at Fatte, Ward No-11, Melamchi Municipality, Sindhupalchowk District, Bagmati Province, Nepal | STARLINE Multi Consultancy Pvt. Ltd., Kathmandu, Nepal, | ११९९५६३ | ११५६०३० | | ३५९१९१७६९ | |
| जम्मा रु. | | | १०३०२५१७ | | ९५८१६६१ | | ७२०५८९९१० |

२४ **पदाधिकारी वैदेशिक भ्रमण वापतको भुक्तानी**

२४.१ (१६१-२०८०-७-१):

**उपप्रमुख विदेश भ्रमण** – भ्रमण खर्च नियमावली २०६४ को नियम १४ मा विदेश भ्रमण खर्च र दैनिक भत्ता सम्बन्धी व्यवस्था गरिएको छ। उपप्रमुख उमा प्रधान विश्व स्काउट सम्मेलनका लागि मिति २०८०।०४।१० देखि ०४।१७ सम्म साइप्रसको वैदेशिक भ्रमणमा गएकोमा होटल बास वापत Sumire Tours and Travels Ltd को बिल पेश गरी मु.अ.कर सहित रु.७४,८६८। भुक्तानी लिएको देखियो। यसरी कार्यक्रम आयोजकले होटलबास वापत कुन पक्षले रकम व्यहोर्ने कुरा उल्लेख नगरेका कारण यस सम्बन्धि प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,८६८ |

२४.२ (१६१-२०८०-७-१):

**दैनिक भ्रमण भत्ता बढि भुक्तानी** - बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा ५ मा भ्रमण भत्ता र अनुसुची १क मा भ्रमण भत्ता दरको व्यवस्था गरिएको छ। उपप्रमुख उमा प्रधान विश्व स्काउट सम्मेलनका लागि मिति २०८०।०४।१० देखि ०४।१६ सम्म साइप्रसको वैदेशिक भ्रमणमा गएकोमा फर्केको दिनको दरमा भत्ता भुक्तानी भएकोले नपाउने भ्रमण भत्ता भुक्तानी भएको रु. २६४१०।- सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र. सं | पदाधिकारीको नाम | भुक्तानी | बढी भुक्तानी | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | उपप्रमुख उमा प्रधान | २०० डलर | २०० डलर | २६४१० |
| | दर १ डलर = रु. १३२.०५। | | | |
| | जम्मा | | | २६४१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,४१० |

२४.३ **स्थानीय तहका पदाधिकारीको वैदेशिक भ्रमण** - स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ४ अनुसार जिल्ला समन्वय समितिका प्रमुख र महानगरका प्रमुखको हकमा नेपाल सरकार र यस अतिरिक्तका स्थानीय तहका पदाधिकारीको वैदेशिक भ्रमण मनोनयनको अधिकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमा रहेको छ। त्यस्तै स्थानीय तहका कर्मचारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ४ अनुसार राजपत्रांकित द्वितीय श्रेणी र सो भन्दा तलका कर्मचारीको वैदेशिक भ्रमण मनोनयन गर्ने अधिकारी सामान्य प्रशासन सचिवमा रहेको छ । पालिका उपप्रमुखले बैदेशिक भ्रमण गरेकोमा वैदेशिक भ्रमण माथि उल्लिखित नियम बमोजिम स्वीकृत भएको नदेखिएकोले यस्तो खर्च नियम सम्मत नभएको रू.

| गो. भौ. नं. ।मिति | कार्यक्रमको विवरण | कार्यक्रम मिति | कार्यक्रम संचालन हुने स्थान | भ्रमण गर्ने पदाधिकारी | खर्च रकम |
|---|---|---|---|---|---|
| १६१-०८०।०७।०१ | विश्व स्काउट सम्मेलन | २०८०।०४।०९ – ०४।१७ | साइप्रस | नगर उपप्रमुख उमा प्रधान | ३३९००८ |
| | जम्मा | | | | ३३९००८ |

| | |
|---|---|
| अनियमित भएको | ३,३९,००८ |

२५ **बढी ग्रेड**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२** को निर्णयले रू **११,४६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२६ **वडा र स्वास्थ्य केन्द्र मार्फत खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ मा मालसामान खरिद गर्दा नियम ९ र ११ अनुसारको लागत अनुमान तयार गरी नियम १४ अनुसार तोकिएको अधिकारीबाट स्वीकृत गर्नुपर्ने साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४ अनुसार वस्तु तथा मालसामान खरिद गर्दा अधिकार प्राप्त अधिकारिको लिखित आदेश विना खरिद गर्न नहुने व्यवस्था रहेको छ। देहाय बमोजिमका भौचरहरुमा अधिकार प्राप्त अधिकारी नगरपालिकाद्वारा मालसामान खरिद गरी हस्तान्तरण गर्नुपर्नेमा वडा वा स्वास्थ्य केन्द्र मार्फत खरिद गरी भुक्तानी भएको नियम सम्मत देखिएन। यसमा पालिकाबाटै सामान खरिद गरी आवश्यकताको आधारमा माग भएका निकायलाई सामान उपलब्ध गराई खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो. भौ . नं / मिति | वडा कार्यालय । स्वास्थ्य चौकी | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| ९६२- ०८१।०३।२४ | वडा नं ३ | विभिन्न फर्म | विपद सामाग्री खरिद | ७३५०० |
| ९२७- ०८१।०३।२३ | वडा नं ४ | श्री माइ चण्डेश्वरी सप्लायर्स | भाडाकुडा खरिद | ६२०८१ |
| ८०४- ०८१।०३।१४ | वडा नं १३ | गौरीशंकर प्रेस लिङ्क प्रा. ली | शिक्षक डायरी | ११३००० |
| ८०३- ०८१।०३।१५ | वडा नं १३ | एम. एस व्याग स्टोर | शिक्षक व्याग | १९७७५० |
| ८०१- ०८१।०३।१४ | वडा नं ३ | सिरिष सप्लायर्स प्रा. ली | औषधी खरिद | २९४८८ |
| ७९८- ०८१।०३।१४ | वडा ३ | GS Trading र बन्जारा बस्त्रालय | पोशाक खरिद | ८५००१ |
| ७४३- ०८१।०३।०९ | क्यौरैनी स्वा. ईकाइ | विभिन्न फर्म | कार्यालय सामाग्री | ९९९०२ |
| ७०८- ०८१।०२।३० | वडा नं ३ | बि. एम . एस कम्प्युटर मार्ट प्रा . ली | ल्यापटप १ थान | ५१००० |
| ६७२- ०८१।०२।२१ | वडा नं ११ | सन्तोषी सप्लायर्स | भाडा खरिद | ३५५१० |
| ६४१- ०८१।०२।०९ | वडा नं ३ | लामिछाने किचन स्टोर | भाडावर्तन खरिद | ४९४९० |

२७ **सिधै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने उल्लेख छ। पालिकाले पालिकामा प्रयोग हुने दैनिक सरसफाई सामाग्री, स्टेशनरी, उपकरण, ल्यापटप लगायतका मालसामानको वार्षिक परिमाण (Quantity) एकिन गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा पटक पटक आवश्यकता अनुसार खरिद गर्ने परम्पराले खरिद कार्य मितव्ययी हुन सकेको देखिएन। केही उदाहरण निम्नानुसार छनः-

| सि.नं | भौ.नं. | सामान आपूर्तिकर्ताको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ७९-२०८१।३।१० | टेक भाइव प्रालि | डेस्कटप, कम्प्यूटर, प्रिन्टर लगायत | ९८४४१० |
| २ | ७५८-२०८१।३।१२ | न्यू मेलम्ची अपसेट प्रालि | दर्ता रजिस्टर | ९५४८५० |
| ३ | ४८८-२०८०।१२।२६ | आरेन्ज कम्प्यूटर एण्ड इलेक्ट्रोनिक्स प्रालि | एसएसडि, राउटर,केबल | २४२८५३ |
| ४ | ४८२-२०८०।१२।२६ | हेलमाडौँ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | स्पिकर, माईक लगायत | ९८०८४० |
| ५ | ४०७-२०८०।११।१६, नपा चालु | एल सोल इन्टरनेशनल | कम्प्यूटर, ल्यापटप | ९९२१४० |
| ६ | १२-२०८१।३।२४ | खडग मालिका इलेक्ट्रिक्स | एसी, स्क्यानर | ८१४१४२ |
| ७ | २-२०८०।५।९ | माइक्रो नेपाल इन्टरप्राइजेज | डेक्सटप, प्रिन्टर | ५६०४८० |
| ८ | ५०५-२०८१।१२।२८ | पाँचपोखरी इन्टरप्राइजेज | सिरक, तन्ना, एक्सेटेन्सन कर्ड लगायत | २९२६७० |
| ९ | ३९६-२०८०।९।२२ | पि. एण्ड पि. ट्रेडर्स | डेक्सटप, प्रिन्टर | ४८५९९७ |
| १० | ६-२०८०।८।१९ | युनिक कन्स्ट्रक्सन | सोलार आइटम | ९३८००० |
| | २२-२०८०।५।१० | न्यू मेलम्ची अपसेट प्रालि | सामाजिक सुरक्षा फारम, करदाता विवरण लगायत | ७१९२४५ |
| | १०१-२०८१।३।२१. स्वास्थ्य चालु | बिपु कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रालि | फर्निचर खरिद | ८६४५०० |
| | ८४१-२०८१।३।१७. नपा चालु र ६४१-२०८१।३।१७, नपा पूजिगत | बिसन बिल्डर्स एण्ड सप्लायर्स | फर्निचर खरिद | ९५७६६० |
| | ९९-२०८१।३।२०, स्वास्थ्य चालु | रूद्राक्ष कन्स्ट्रक्सन प्रालि | फर्निचर खरिद | ९८८९८० |
| | ८४०-२०८१।३।१७, नपा चालु | श्रीदेवी ट्रेड एण्ड सप्लायर्स | पलङ लोबेड खरिद | ७८३१८६ |
| | १४-२०८०।५।८ | पाँचपोखरी इन्टरप्राइजेज प्रालि | फर्निचर आइटम | २४५१९३ |
| जम्मा | | | | ११८०५१४६ |

२८ **वितरण भर्पाइ**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका भौचरमा विभिन्न सामाग्रीहरुको वितरण गर्दा वितरण गरेको भर्पाइ पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु.

| गो. भौ . नं।मिति | फर्मको नाम | सामाग्रीको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ७९८- ०८१।०३।१४ | बन्जारा बस्त्रालय | पोशाक १ थान | ८९५० | भर्पाइ नभएको |
| ९६१- ०८१।०२।२४ | किरण फर्निचर एण्ड फर्निसिङ्ग सेन्टर | प्लास्टिक कुर्सी २०७ थान | १४८५३२ | कार्की टोललाई वितरण नभएको |
| ८२७- ०८१।०३।१६ | लालीगुँरास मेनुफेक्चरिङ्ग | वडा नं १ ब्याग खरिद ६४ थान | १८९८४ | ५० जनाको भर्पाइ पेश |
| | जम्मा | | १७६४६६ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१४,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४४,०८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **९८८,६९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७६,४६६ |

२९ **ज्यालादारी कर्मचारी**

बागमती प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था गरी ऐनमा तोकिएको अवधिभित्र पदपूर्तिको लागि माग नगरी कसैले ज्यालादारी वा करारमा नियुक्ति गरेमा त्यसरी नियुक्त व्यक्तिले खाइपाइ आएको तलब भत्ता र अन्य सुविधा वापतको रकम नियुक्ति गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर हुने व्यवस्था गरेको छ। पालिकाले सुपरभाइजर, सरसफाइकर्मी र बालविकास सहजकर्तालाई मासिक ज्यालादारीमा कार्य गराइ जम्मा रु.११,०८,००८।-भुक्तानी खर्च गरेको छ। उक्त खर्च नियम सम्मत नभएको रु.

| क्र. सं | ज्यालादारी कर्मचारी | संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| १ | सुपरभाइजर मणि दुलाल | १ जना | ३९४८२४ |
| २ | बालविकास सहजकर्ता केशव पौडेल | १ जना | ४१६७६० |
| ३ | सरसफाइ कर्मचारी धनबहादुर सार्की | १ जना | २९६४२४ |
| | जम्मा | | ११०८००८ |

| | |
|---|---|
| अनियमित भएको | ११,०८,००८ |

३० **सक्कल बिल**

मूल्य अभिवृद्धि कर ऐन**,** २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्नानुसार बिलको छायाप्रति राखी भुक्तानी दिएकोलेभुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेशगर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | फर्मको नाम | विजक नं/विजक मिति | सामानको विवरण | रकम | मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| ९२७-०८१।०३।२३ | श्री माइ चण्डेश्वरी सप्लायर्स | ५२१-०८१।०३।२० | भाडाकुडा | ६२०८१ | ७१४२ |
| ७५७-०८१।०३।१३ | पि एण्ड पि ट्रेडर्स | ५०७-०८०।०६।१६ | ल्यापटप १ थान | ९९००० | ११३८९ |
| ७-०८०।०४।२४ | जनहित कानुनी सेवा प्रा.ली | ०१३-०८१।०३।२२ | कानुनी परामर्श | ६७८०० | ७८०० |
| ३४२-०८०।१०।०७ | नेस्को टेक इन्टरनेसनल | ०४९-०८०।०९।२९ | फिङ्गर प्रिन्ट एक्सेस | ९९८९२ | ११४९२ |
| | जम्मा | | | | ३७८२३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,८२३ |

## ३१ मर्मत खर्च

सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौँ संसोधन) को नियम ९६ मा मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यविधिको व्यवस्था गरिएको छ।उक्त व्यवस्था अनुसार कार्यालयले कुनै पनि मालसामानको मर्मत गर्नुपर्दा कार्यालय प्रमुखलाई लिखित जानकारी दिइ मर्मत आदेश तयार गर्ने, सोको लागत अनुमान तयार गर्ने र सो स्वीकृत भए पश्चात नियमावलीमा भएको व्यवस्था बमोजिम मालसामान मर्मत गरी खरिद गरिएका वा फेरिएका सामाग्रीको नियमानुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। दुई पाङ्ग्रे सवारीसाधनको हकमा मर्मत आदेशका आधारमा बिल भर्पाइ बमोजिम भुक्तानी दिएको कार्यालयको भनाई रहेको छ साथै नगरपालिका प्रमुख, उपप्रमुखर प्र.प्र.अका लागि रहेको ३ वटा जीप, २ वटा व्याक्हो लोडर, १ वटा मिनि ट्रिपरको कार्यालयको PAMS सिस्टमबाट देखिएको विवरण अनुसार मर्मतमा रु.४९,८३,५४३। रकम खर्च भएको छ। यसरी मर्मत खर्च गर्दा आवश्यकता र बजेटको अधिनमा रही ऐन र नियममा भएको व्यवस्थाको पालना गर्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

| क्र. सं | सवारीसाधनको विवरण | प्रयोगकर्ता | संख्या | मर्मत खर्च |
|---|---|---|---|---|
| १ | बा प्र ०१ ००२ झ ५५२१ जिप | नगर प्रमुख | १ | ३९९२८९ |
| २ | बा २ झ १६५० जिप | नगर उपप्रमुख | १ | ५८९१८२ |
| ३ | बा २ झ ३३९३ जिप | प्र. प्र . अ | १ | ४९३१७८ |
| ४ | बा १ ग २७६० मिनि ट्रिपर | कार्यालय | १ | २१८५२५ |
| ५ | बा १ ग ३४०६ ब्याहो लोडर | कार्यालय | १ | ७६५१८५ |
| ६ | बा १ ग २९४४ ब्याहो लोडर | कार्यालय | १ | ८८३४८४ |
| ७ | विभिन्न मोटरसाइकल/ स्कुटर<br>(२९ वटा न . पाको र १२ वटा PS Item को ) | कर्मचारी | ४१ | १६३४६९९ |
| | जम्मा | | | ४९८३५४३ |

## ३२ मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय/व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्य कर्मीलाई सार्वजनिक बिदाको दिन र रात्री समयको ओभरटाइम रकम वापत देहायका भौचरबाट रु.१७,०१,३२२।- भुक्तानी दिएको छ। प्राथमिक स्वास्थ्य केन्द्रको आय व्ययको श्रेस्ता लेखापरीक्षणको लागि पेश भएन। तसर्थ स्वास्थ्यकर्मीहरुले प्राथमिक स्वास्थ्य केन्द्रको आन्तरिक आम्दानीबाट ओभरटाइम वापतको भत्ता नलिएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गो. भौ . नं।मिति | विवरण | रकम |
|---|---|---|
| ६७४- ०८१।०२।२१ | सार्वजनिक विदा र रात्री समयको ड्युटी वापतको रकम | १०५११४७ |
| ६८२- ०८१।०२।२४ | सार्वजनिक विदा र रात्री समयको ड्युटी वापतको रकम | ६०९३७५ |
| ८२२- ०८१।०३।१३ | पोष्टमार्टम भत्ता | ४०८०० |
| | जम्मा | १७०१३२२ |

| प्रमाण पेश नगरेको | १७,०१,३२२ |
|---|---|

३३ **कर कट्टिमा देखिएका व्यहोरा**

३३.१ (२७७-२०८०-९-३):

**कम कर कट्टी– न.पा चालु** - आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा ५ मा मुअकरमा दर्ता नभएको सवारी साधन भाडामा प्रयोग गर्दा भुक्तानी रकममा १० प्रतिशत बहाल कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले वडाको जिन्सी निरिक्षण, सेनिटरी प्याड ढुवानी र योजना अनुगमन गर्नका लागि भाडामा लिएको सवारी साधनको भाडा वापत रु.२,७०,०००। सवारी धनी रविन श्रेष्ठको नाममा भुक्तानी दिदा २.५ प्रतिशत (रु.६७५०।-) मात्र कर कट्टा गरी खुद रु.२,६३,२५०। भुक्तानी दिएकोमा कम कर कट्टा रकम सम्बन्धितबाट असुल गरी संघिय संचितकोषमा दाखिला हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २०,२५० |
|---|---|

३३.२ **सेवा परामर्श कर कट्टी** - आयकर ऐन २०५८ अनुसार सेवा परामर्शमा रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। निम्नानुसारका सेवा परामर्शदाताले विभिन्न कार्यक्रम सम्पादन गर्दा ऐन अनुसार मु.अ.करमा दर्ता नभएकोले १५ प्रतिशतको दरले कर कट्टी गर्नुपर्नेमा कम कर कट्टी भएकोले नपुग कर रकम असुल हुनुपर्ने रु.

| गो. भौ . नं।मिति | विवरण | भुक्तानी रकम | कर कट्टी भएको | बाकी कर कट्टी |
|---|---|---|---|---|
| ९१७- ०८१।०३।२२ | बालगृह तथा जोखिममा रहेका महिला उद्दार तथा पुनस्थापना केन्द्र | ५००००० | २०५०० | ५४५०० |
| | जम्मा | | | ५४५०० |

| असुल गर्नुपर्ने | ५४,५०० |
|---|---|

३४ **अन्य निकायलाई सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन ।पालिकाले आफ्नै छुट्टै कार्यालय, बजेट तथा कार्यक्रम अख्तियारी, स्रोत साधन सम्पन्न स्वायत्त निकायलाई ईन्धन र मर्मतवापत विभिन्न बिलको रकम भुक्तानी गरेका कारण आर्थिक व्ययभार बढ्न गएको रकम नियमानुसार नदेखिएको रु.

| गो.भौ.नं/मिति | सहायता पाउने कार्यालयको नाम | सहायताको विवरण | फर्मको नाम | रकम |
|---|---|---|---|---|
| ८४४- ०८१।०३।१७ | सशस्त्र प्रहरी बल सुरक्षा वेश क्याम्प | मर्मत वापत | परिश्रमी भेहिकल | ३९९४५ |
| २६४- ०८०।०८।२९ | ईलाका प्रहरी कार्यालय मेलम्ची | मर्मत वापत | नेपाल अटो लिंक | २०३०६१ |
| २४१- ०८०।०८।१२ | जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक | ईन्धन वापत | जयमाता वनदेवी फ्युल सेन्टर | ९८१९६ |
| | जम्मा | | | ३४१२०२ |

| अनियमित भएको | ३,४१,२०२ |
|---|---|

३५ **योग शिविर संचालनमा देखिएका व्यहोरा**

३५.१ **योग शिविर संचालन - गो.भौ.नं।मिति – ६०६-०८१।०१।०३ न.पा चालु र गो.भौ.नं।मिति – ५६-०८१।०१।२१ न.पा शिक्षा –** नगरपालिकाले "महिला पतञ्जली योग समिति सिन्धुपाल्चोक" लाई योग संचालन गरेवापत नगरपालिका चालु र नगरपालिका शिक्षा तर्फबाट जम्मा रु.१२,०६,४२४।– भुक्तानी दिएको छ। यस सम्बन्धमा निम्न अनुसार देखिएको छ।

संलग्न फाँटवारीमा योग शिविर मिति २०८०।१२।०१ देखि १२।०३ गने सम्म र सहयोगी प्रशिक्षण मिति २०८०।१२।०४ देखि मिति २०८१।०१।११ गते सम्म संचालन भएको उल्लेख छ। प्राय योग बिहानको समयमा १ वा २ घण्टाको रहेको हुन्छ। यसमा सहभागिलाई दिएको स्टेशनरी रु.११,२५०।-, रुद्राक्ष माला वापतको रु.१३,५००।-, प्रशिक्षक खाना तथा बास खर्च वापत रु.९१,२४७।-, खादा वापत रु.५०,०००।-, र योगा म्याट वापत रु.२,७२,१०४।-, समेत रु.४,३८,१०१।– खर्च लेख्न पाउने आधार प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३८,१०१ |

३५.२ प्रशिक्षक कविता रावतले प्रशिक्षक भत्ता वापत रु.२,००,०००। मा १५ प्रतिशत करकट्टा गरी रु.१,७०,०००। बुझेको देखिन्छ। प्रशिक्षकले अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ मा भएको व्यवस्था बमोजिम सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्डमा प्रति सेसन वापत रु.१६००। का दरले ४१ वटा सेसनको जम्मा रु.६५,६००।– मा कर कट्टा गरी रु.५५,७६०।– मात्र दिनुपर्नेमा रु. १,७०,०००।- भुक्तानी दिएकोमा बढी भुक्तानी रु.१,१४,२४०।– निजबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१४,२४० |

३५.३ तालिम शुल्क वापत रु.२,००,०००।– प्रशिक्षक कविता रावतलाई भुक्तानी दिएको छ। प्रशिक्षकलाई भत्ता दिई सकेपछि पुनः यस प्रकारको खर्च लेख्न पाउने नदेखिएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,००० |

३६ **कम बिल भर्पाइ** (९०२-२०८१-३-२१):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । वडा नं ११ को जेष्ठ र असार महिनाको कार्यालय संचालन खर्च रु.६९,०००।– वडा सचिवलाई भुक्तानी गर्दा जम्मा ८ थान बिल रु.६१,०१०।– मात्र पेश भएकोले कम बिल (कर कटाइ) वापतको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,३१५ |

३७ **जिल्ला दररेट**

कार्यालयले विभिन्न प्रकारका कृषिजन्य, पशुजन्य तथा अन्य सामाग्री सोझै वा कोटेशन मार्फत खरिद गर्दा जिल्लाले तोकेको स्वीकृत दररेट अनुसार खरिद गर्नुपर्दछ। खरिद गरिएका सामाग्रीहरुको दररेट सिन्धुपाल्चोक जिल्लाको ज्याला तथा निर्माण सामाग्रीहरुको जिल्ला दररेट आ.व २०८०।८१ मा तोकिएको स्वीकृत जिल्ला दररेट भन्दा बढी भुक्तानी भएकोले बढी रकम सम्बन्धित फर्म वा उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु.

| गो.भौ.नं/मिति | फर्मको नाम | सामाग्रीको विवरण | परिमाण | स्वीकृत दररेट | भुक्तानी दररेट | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १४-२०८१।३।२३ | उषाकिरण एकिकृत कृषि फर्म | सुन्तलाको विरूवा | २०० वटा | रु. १३० प्रति गोटा | रु. २०० प्रति गोटा | १४००० |
| | | कागतीको विरूवा | ५० वटा | रु. १५० प्रति गोटा | रु. २०० प्रति गोटा | २५०० |
| जम्मा | | | | | | १६५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,५०० |

३८ **न्यानो झोला** (१६७-२०८१-२-२२):

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी गरेको सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा मातृ तथा नवशिशु कार्यक्रममा न्यानो झोलामा हुने लुगाको विवरण र सोको स्पेशिफिकेशन तय गरेको छ। तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले ५०० थान न्यानो झोला रु. ४५२००० मा खरिद गरेको छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । पालिकाले सोको गुणस्तर परीक्षण गर्नुपर्दछ।

३९ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। पालिकाले यस वर्ष निम्नानुसारका नाफामुलक संस्थालाई रू. ७१००००।- अनुदान उपलब्ध गराएको रकम नियम सम्मत नदेखिएको रु.

| गो.भौ.नं/मिति | संघसंस्थाकोनाम | अनुदानकोविवरण | अनुदानरकम |
|---|---|---|---|
| २०४-२०८१।३।१०, संघीय सशर्त चालु | ज्यामिरे साना किसान सहकारी संस्था लि. | तरकारी संकलन केन्द्र निर्माण | ४७५००० |
| १७१-२०८१।२।२५, संघीय सशर्त चालु | जागृति महिला बचत तथा ऋण सहकारी संस्था लि. | चप्पल मेसिन सेट | २३५००० |
| जम्मा | | | ७१०००० |

| | |
|---|---|
| अनियमित भएको | ७,१०,००० |

४० **सहकारीमार्फत लाभग्राही छनौट**

पालिकाले लाभग्राही कृषक छनौट गर्दा निश्चित कार्यविधि बनाई आफ्नै संयन्त्रबाट लाभग्राही छनौट गर्नु पर्दछ। यसरी छनौट गर्दा मात्र उपयुक्त लक्षित वर्गका कृषक समक्ष अनुदानका सामग्री पुग्न सक्दछ। पालिकाले तपसिलका लाभग्राही सहकारीको सिफारिसको आधारमा छनौट गरेको छ। यसरी छनोट गरिएका कृषकहरु लक्षित वर्ग भए नभएको एकिन गर्न सकिएन। यसतर्फ पालिकाको ध्यान जानु पर्दछ।

| सि.नं | भौ.नं. | सहकारीको नाम | लाभग्राहीको नाम | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | ११-२०८१।३।१७ | सिन्धु कृषि सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. | जीवलाल चौलागाई | फलाम फ्रेमसहितको टनेल | १०९४३५ |
| २ | ११-२०८१।३।१७ | सिन्धु कृषि सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. | दुर्गा चौलागाई खतिवडा | फलाम फ्रेमसहितको टनेल | ११९५३६ |
| ३ | ११-२०८१।३।१७ | सिन्धु कृषि सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. | हिरालाल चौलागाई | फलाम फ्रेमसहितको टनेल | १०९८०० |
| ४ | १५-२०८१।३।२४ | सिन्धु कृषि सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. | बिष्णुहरी चौलागाई | फलाम फ्रेमसहितको टनेल | ११०९७५ |
| जम्मा | | | | | ४४९७४६ |

४१ **जिन्सी दाखिलामा देखिएका व्यहोराहरु**

४१.१ **विद्यालय जिन्सी** -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२ मा भएको व्यवस्था बमोजिम खरिद गरिएका मालसामानहरु ७ दिन भित्र मुल्य र स्पेशिफिकेशन खुलाई**PAMS System** मा जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। साथै गैरसरकारी संस्था, सामाजिक संस्था, विद्यालय वा अन्य निकायलाई सार्वजनिक हित प्रवर्धन उद्देश्यले आवश्यक सामाग्री खरिद गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरेमा सम्बन्धित निकायले ऐन र नियमावलीमा भएको व्यवस्थाको पालना गरी प्राप्त सामाग्रीको दाखिला गरेको प्रमाण अनिवार्य पेश गर्नुपर्दछ । कार्यालयले सोही दाखिला फारमको रुजु गरी लगत कट्टा गर्नुपर्दछ। तर सामुदायिक विद्यालयले पालिकाबाट प्राप्त गरेको अनुदानबाट खरिद गरेका खर्च भएर नजाने सामाग्रीहरुको जिन्सी दाखिला गर्दा पाने दाखिला पेश गरेको, जिन्सी खाता पाना नं र मिति उल्लेख नगरेको, सहायक जिन्सी खातामा चढाएको नदेखिएकोले यसरी खरिद गरिएका सामाग्रीको सम्बन्धमा एकिन हुन सकिएन। यस तर्फ सम्बन्धित निकायको विशेष ध्यान जानु पर्दछ। केही उदाहरणहरु निम्नानुसार रहेका छन-

| गो. भौ . नं।मिति | विद्यालयको नाम | फर्मको नाम | खरिद सामाग्रीको विवरण | रकम |
|---|---|---|---|---|
| ९०६- ०८१।०३।२१ | भञ्ज्याङ आ. वि वडा नं १२ | पाचँपोखरी इन्टर्प्राइजेज | कम्प्युटर सेट १ थान | ५०००० |
| ९०५- ०८१।०३।२१ | हैबुङ्ग महादेवस्थान मा. वि वडा नं ३ | सेन्ट्रल रिजन | स्मार्ट बोर्ड | १९८८८० |
| ८६७- ०८१।०३।१९ | कालिका चेतना मा. वि वडा नं १३ | आकृति जनरल सप्लायर्स | ल्यापटप, प्रिन्टर , कम्प्युटर टेबल , दराज | ३४९७३५ |
| ८३६- ०८१।०३।१७ | कालिका देवी मा. वि वडा नं १२ | पाचँपोखरी इन्टर्प्राइजेज | स्पीकर १ थान | ४०००२ |
| ८३४- ०८१।०३।१७ | सरस्वती आ. वि वडा नं १२ | पाचँपोखरी इन्टर्प्राइजेज | प्रिन्टर १ थान | ४०००० |
| ८२८- ०८१।०३।१७ | सरस्वती आ. वि | नारायणी इन्फोसिस | ल्यापटप डेल १ थान | ५०००० |
| ८२६- ०८१।०३।१६ | जालपादेवी मा. वि वडा नं १२ | पाचँपोखरी इन्टरप्राइजेज | क्यानन प्रिन्टर र सिसि क्यामरा | ८०००० |
| ८१६- ०८१।०३।१६ | कालिका चेतना मा. वि वडा नं १३ | एल. बि . मल्टिप्रप्रोज कम्पनी प्रा . लि | वाटर ट्याङ्की, पाइप , स्पेयर , सावेल लगायत सामाग्री | १४९९५१ |
| ८१३- ०८१।०३।१६ | सिन्धु पुराना गाउँ मा. वि | वि. एस . बुक्स एण्ड स्टेशनरी | खेलकुद सामाग्री | ९९१०० |
| ७१८- ०८१।०२।३२ | श्री वि. पि स्मृति आ . वि वडा नं १० | पाचँपोखरी इन्टरप्राइजेज | कार्पेट र ड्रेनलाइट | ३०५८४ |
| ५८८- ०८१।०१।२५ | श्री हिरादेवी आ. वि | चण्डेश्वरी सेन्टर | ट्रलि स्पिकर | ३०००० |
| ५१५- ०८१।०१।०२ | श्री भुमेस्थान आ. वि | Senao Mobile Gallery Home | प्रिन्टर १ थान | ४४९०० |

४१.२ **जिन्सी दाखिलाको प्रमाण पेश नभएको**–आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२ मा भएको व्यवस्था बमोजिमखरिद गरिएका मालसामानहरु ७ दिन भित्र मुल्य र स्पेशिफिकेशन खुलाई**PAMS System** मा जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। साथै गैरसरकारी संस्था, सामाजिक संस्था, विद्यालय वा अन्य निकायलाई

सार्वजनिक हित प्रवर्धन उद्देश्यले आवश्यक सामाग्री खरिद गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरेमा सम्बन्धित निकायले दाखिला गरेको प्रमाण अनिवार्य पेश गर्नुपर्दछ । कार्यालयले सोही दाखिला फारमको रुजु गरी लगत कट्टा गर्नुपर्दछ। कार्यालयले कार्यालय प्रयोजनका लागि खरिद गरेको तर आफ्नो जिन्सीमा दाखिला नगरेको साथै हस्तान्तरण गर्नका लागि खरिद गरेका सामाग्रीहरु हस्तान्तरण गरेको तर सम्बन्धित निकायबाट दाखिला प्रतिवेदन पेश नभएकोले सोको दाखिला प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गो.भौ.नं/मिति | संस्थाको नाम | फर्मको नाम | सामानको विवरण | रकम |
|---|---|---|---|---|
| ९३६-०८१।०३।२३ | विभिन्न विद्यालय, वडा शिक्षा समिति र स्फटिकेश्वर कान्तितीर्थ | विभिन्न फर्म | फर्निचर, ड्रम , खेलकुद सामाग्री , फोटोकपी मेसिन , ल्यापटप , स्पिकर र बाजा | ८३७५०० |
| ८२७-०८१।०३।१६ | सरस्वती मा. वि र सेतीदेवी मा . वि | मोर्डन सोलुसन प्रन्टिङ्ग एण्ड सप्लायर्स प्रा. ली | A grade with print जर्सी ३६ पिस | ४०६८० |
| ८०२-०८१।०३।१४ | ज्योती भञ्ज्याङ्ग आ. वि , प्रज्ञा आ . वि | धिताल स्टेशनरी एण्ड बुक्स सप्लायर्स | खेलकुद सामाग्री | २९९३० |
| १२९-०८०।०६।२५ | हिरादेवी आ. वि र भुमेस्थान आ . वि | आरम्भ सोलुसन एण्ड केयर | ई हाजिरी २ थान | ८०२३० |
| | जम्मा | | | ९८८३४० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८८,३४० |

४२ **मेला, पर्व र साँस्कृतिक कार्यक्रम**

